अनुसूची- २

(दफा ४तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

बढैयाताल गाँउपालिकाको राजपत्र


खण्डः ख संख्याः ६ राजपत्रमा प्रकासित मितिः २०८१।२।०२


भाग-२

बढैयाताल गाउँपालिका

**२०८१ सालको कार्यबिधि नं १**

# सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन निर्देशिका २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०१।२७

अध्यक्षवाट प्रमाणित मिति २०८१।०१।२७

**प्रस्तावना**

बढैयाताल  गाउँपालिकाले नेपालको संविधान २०७२ तथा स्थानिय संरकार संचालन ऐन २०७४ को दफा १०२ मा भएको व्यवस्था बमोजिम गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक  जग्गा सो जग्गामा बनेका भौतिक संरचना एवं अन्य सार्वजानिक सम्पत्तिलाई कानून बमोजिम संरक्षण तथा व्यवस्थापन गर्दा अपनाउनु पर्ने विधि तयार गरी स्पष्टता, एक रुपता एव पारदर्शिता कायम गर्नु वाञ्छनीय भएकोले


बढैयाताल गाउँपालिका

बढैयाताल गाउँकार्यपालिकाले यो **सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन निर्देशिका २०८१** बनाई जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम **बढैयाताल गाउँपालिका क्षेत्रका सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन निर्देशिका २०८१** रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसँगको अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) **"सार्वजनिक सम्पत्ति "** भन्नाले ऐन नियम तथा निर्देशिका वमोजिम बढैयाताल गाउँपालिकाको सिमानाभित्र रहेका सार्वजनिक जग्गा, चरन, नाला. कुला,ताल तलैया पोखरी,ढल, पुल ,धार्मिक स्थल, पाटी, पौवा, सार्वजानिक भवन, बिद्यालय, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, वाटो, वगैचा, पार्क उद्यान एवं अन्य संरचना समेतलाई जनाउनेछ ।साथै संघ र प्रदेशले गाउँ पालिका मातहत रहने भनि ऐनमा व्यवस्था गरेका वा तोकेका सार्वजनिक सम्पत्ति समेत लाई जनिने छ ।

ख) **"गाउँपालिका"** भन्नाले बढैयाताल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।

ग) "**गाउँ कार्यपालिका**" भन्नाले बढैयाताल गाउँपालिकामा निर्वाचित भएका वा मनोनयन भएका गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष ,वडा अध्यक्ष र कार्यपालिका सदस्य समेतलाई जनाउने छ ।

घ) **"निर्णय"** भन्नाले गाउँपालिका गाउँ कार्यपालिकाको बहुमतको निर्णयलाई जनाउँदछ ।

ङ) **"सार्वजनिक व्यक्ति "** भन्नाले प्राकृतिक व्यक्तिहरु जस्तैः निर्वाचित जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी ,शिक्षक, पालिककाले गठन गरेका बिभिन्न समितिका पदाधिकारी तथा पालिकाले मनोनित गरेका व्यक्ति विशेषलाई समेत सम्झनु पर्छ ।

च) **"कार्यालय"** भन्नाले बढैयाताल गाउँकार्यपालिका कार्यालयलाई जनाउनेछ ।

छ) **"सम्पदा"** भन्नाले राष्ट्रिय सम्पदा समेतलाई जनाउँदछ ।

बढैयाताल गाउँपालिका

**३. सार्वजनिक सम्पत्तिको सरक्षण गर्ने** : (१) बढैयाताल गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत संभार, प्रयोग एवं अन्य प्रबन्ध गरी संरक्षण तथा व्यवस्थापन गर्न सक्नेछ ।

**४. सार्वजानीक जग्गा ,सामुदायिक भवन भाडामा दिने** :

(१) बढैयाताल गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजानिक जग्गा र सामुदायिक भवन एवं अन्य संरचनाको उचित संरक्षण र सम्बन्धन गरी गाउँपालिका आफैले भाडामा लगाउने वा अन्य तरिकाले त्यसको उपयोगको प्रवन्ध गर्न सक्नेछ ।

२) उपदफा १ वमोजिम गाउँपालिकाको क्षेत्रभित्र रहेको सार्वजानिक जग्गा एवं सामुदायिक भवन तथा अन्य संरचनाहरु संरक्षण तथा उपयोग गर्ने सन्दर्भमा भाडामा दिँदा आवश्यक सम्झौता गरी सार्वजानिक सम्पत्तिको दुरुपयोग नहुने गरी दिनु पर्नेछ ।

३) प्रस्तुत निर्देशिका जारी हुदाका वखत बढैयाताल गाउँपालिकाको क्षेत्रभित्र रहेका सार्वजानीक सम्पत्तिमाथि व्यक्ति विशेषले अनधिकृत उपयोग गरी आएको भए गाउँपालिकाले निश्चित समय तोकि सार्बजनिक स्थलहरुबाट हट्न , हटाउन मौखिक वा लिखित सूचना मार्फत निर्देशन दिन सक्नेछ ।

**५. सम्पदाको संरक्षण तथा व्यवस्थापन** : नेपाल सरकारको स्वामित्वमा रहेको सम्पदाको संरक्षण गरी त्यस्तो सम्पदाको जानकारी वा अवलोकन गर्न आएका स्वदेशी तथा विदेशी पर्यटकहरुलाई तोकिए वमोजिम दस्तुर लिई घुमफिर गर्ने व्यवस्था गर्न सक्नेछ ।

**६. सार्वजनिक सम्पत्तिका विवरण संकलन गर्नुपर्ने** : बढैयाताल गाउँपालिकाको क्षेत्रभित्र रहेका सार्वजीनक जग्गा, सामुदायिक भवन, सम्पदा लगाएतका सार्वजनिक सम्पत्तिको विवरण संकलन गरी व्यवीस्थत गर्नु पनेछ ।

**७. दस्तुर निर्धारण गर्न सक्ने** : बढैयाताल गाउँपालिकाको क्षेत्रभित्रका सार्वजनिक सम्पत्तिको प्रयोग र उपयोग सम्वन्धमा आवस्यक दस्तुर एवं भाडा दर निर्धारण गर्न सक्नेछ ।

**८. सार्वजनिक सम्पत्तिको अनधिकृत उपयोग गरेमा कसुर र सजाय** :

(१) बढैयाताल गाउँपालिकाको क्षेत्रभित्र रहेका सार्वजनीक सम्पत्ति कसैले पनि अनधिकृत रुपमा प्रयोग गर्न वा मास्न वा नास्न पाइने छैन ।

बढैयाताल गाउँपालिका

२) उपदफा १ विपरित कसैले सार्वजानिक सम्पतिमा निजी भवन अन्य पक्की संरचना निर्माण वा कुनै प्रकारको कार्य गर्ने/गर्न लगाउने /हुलहुज्जत र उक्साहट गर्ने/गराउने ,सार्वजनिक सम्पत्ति अतिक्रमण वा भोग गर्ने/गराउने वा नास्ने मास्ने उक्साहट गर्ने/गराउने गरेको पाईएमा त्यस्तो संरचनालाई गाउँपालिकाले तत्काल हटाई एवं अतिक्रमण गरिएको स्थानबाट हटाउन र सम्वन्धीत व्यक्तिहरुलाई आवश्यक कारवाही तथा जरिवाना गर्न सक्नेछ ।

३) कुनै व्यक्ति बिशेषले सार्वजानिक सम्पतिमा आफ्नो स्वामित्व स्थापित गर्ने नियतले गैर कानूनी ढंगबाट आफ्नो वा आफन्तका नाममा दर्ता कायम गरि जग्गा धनि प्रमाण पुर्जा लिने /बनाउने /उक्साहट गर्ने/गराउने व्यक्तिहरुको नाममा कायम हुन आएको भए त्यस्ता सम्पतिको दर्ता खारेजी एवं जफत गरि आवश्यक कारवाहीका लागि कानून बमोजिम सम्बन्धित निकायमा सिफारिश गर्न सक्नेछ ।

४ ) उपदफा ३ वमोजिम सार्वजनिक सम्पत्तिको अनधिकृत उपयोगलाइ हटाउदा वा संरचना भत्काउदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

५) सार्वजनिक सम्पत्तिको अनधिकृत उपयोग/नोक्सान/अतिक्रमण भएको पाईएमा गाउँपालिकाले तत्काल प्रहरीको मुचुल्का वा प्राबिधिक प्रतिबेदनका आधारमा क्षतिको मुल्यांकन गरि क्षतिपूर्ति भराउने र नोक्सान गर्ने /गराउने हुलहुज्जत र उक्साहट गर्ने/गराउने कार्यमा संलग्न व्यक्तिहरुलाई सार्बजनिक अपराध ऐन अनुसार आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिश गर्न सक्नेछ ।

६) यस निर्देशिकाको दफा २ (ङ) मा उल्लेखित सार्वजनिक व्यक्तिलाई आफ्नो जिम्मेवारी पुरा गर्ने शिलशिलामा भौतिक आक्रमण , गालि बेइज्येती गर्ने , सामाजिक संजालमा चरित्र हत्या गर्ने, धाकधम्की दिने र काम गर्न अबरोध सिर्जना गर्ने कार्य गरेमा प्रचलित कानून बमोजिम कारबाहीका सम्बन्धित निकायमा सिफारिश गर्न सक्नेछ ।

७) उप दफा ५बमोजिम सजाय तोक्दा क्षतिको प्राबिधिक मुल्यांकनको रकममा गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम थप जरिवाना लाग्नेछ ।

८) कसैले सार्वजानिक सम्पति रहेको क्षेत्रबाट पालिकाको अनुमति नलिई ढुंगा, गिट्टी, बालुवा, माटो अबैध तरिकाले उत्खनन् गरेमा गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम जरिवाना लाग्नेछ ।

९) कसैले सार्वजानिक सम्पति रहेको क्षेत्रमा गाइ बस्तु लगायत चौपयाहरु छाडा छाडेमा आर्थिक ऐनमा उल्लेख भए बमोजिम जरिवाना गरिनेछ ।

१०)उपदफा २(क) मा उल्लेखित सार्बजनिक सम्पतिहरुका अतिरिक्त सार्बजनिक तालहरुमा रहेका चरा चुरुंगी, माछा, जलप्राणी, भ्यु टावर , संग्रहालय र बनस्पति हानी नोक्सानी गर्ने/ गराउने, उक्साहट गर्ने/गराउने कार्यमा संलग्न व्यक्तिहरुलाई पालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम जरिवाना गरिनेछ ।

११. यस निर्देशिकामा उल्लेख नभएकाको हकमा सार्बजनिक सम्पतिमा हानि नोक्सानी पुरयाएमा कसुर ,सजाय र जरिवाना पालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

**९ . पुनरावेदन** : यस निर्देशिका बमोजिम गाउँपालिकाको आदेश वा निर्णयमा चित्त नबुझेमा ३५ दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**१०. कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः** यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक थप मापदण्ड बनाउन सक्नेछ ।

**११ . खारेज तथा संसोधन :** यस निर्देशिकाको कुनै दफाहरू संघ तथा प्रदेशको ऐन संग बाझीएको हदसम्म खारेज हुनेछ । यस निर्देशिकाका कुनै दफाहरू संसोधन गर्नु परेमा गाउँ कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

**हिमालय त्रिपाठी**
**अध्यक्ष**
**बढैयाताल गाँउपालिका बर्दिया**